मष्टा गाँउपालीकाको
आर्थिक बर्ष २०७८।०७९ को बार्षिक प्रगती समिक्षा तथा बार्षिक
सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिवेदन २०७९

सहजिकरण :-
नेपाल पत्रकार महासंघ बभाङ
का प्रतिनिधि डीबी विष्ट
र जगदिस रोकाया

आयोजक :-
मष्टा गाँउपालीका बभाङ

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भातेखोला, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# मष्टा गाँउपालीकाको आर्थिक वर्ष २०७८।०७९ को बार्षिक प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०७९

**पृष्ठभुमी**

स्थानिय सरकार संचालन ऐन र यस अगाडीको स्थानिय स्वायत्त शासन ऐन नियमावलीले निर्दिष्ट गरे अनुसार हरेक सार्वजनीक निकायहरुले सेवाग्राही र सरोकारवालाहरु विच वर्षभरी गरेको सेवा प्रवाहको अवस्था गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान छ । सो अनुरुप मष्टा गाँउपालीकाले पनि स्थानिय सरकार संचालनमा आएपछि पालीका वाट भएगरेका गतिविधि आर्थिक भौतीक अवस्था साथै अन्य सेवा प्रवाहको जानकारीका लागी सेवाग्राहीहरुको गुनासो सुझाव सल्लाह लिन दिन सार्वजनिक सुनुवाइ बार्षिक प्रगती समिक्षा गर्दै आएको छ ।

सार्वजनिक सुनुवाईले शुसासन गर्न मद्दत गर्नुका साथै अक्तियारवाला व्यक्ति लाई जवाफदेही र जिम्मेवार बनाउन्छ । साथै समास्याको सामाधान पनि सार्वजनिक सभामै हुने भएकाले समस्यामा वा सेवा वाट सन्तुष्टि नभएका सेवा ग्राहीहरुको गुनासो सार्वजनिक स्थलमै हुने भएकाले यसलाइ सुशासनको प्रमुख औजारको रुपमा हेरिन्छ । यो विधिको शासन कायम गर्ने एउटा प्रजातान्त्रिक औजार पनि हो । यसो गर्दा योजना तथा कार्यक्रममा भएको कमि कमजोरी खुलासा हुन्छ । सहभागी सरोकारवाला वाट गुनासो सुझाव पृष्ठपोषण आउने हुदाँ यस्तो कार्यक्रमले कमीमजोरी लाइ सुधार गरि आगामी दिनमा सेवा प्रवाह प्रभावकारी र जनउत्तरदायि हुन मद्दत गर्छ

यस्तो अवस्थालाई मध्यनजर गर्दै मष्टा गाँउपालीकाले आर्थिक वर्ष २०७८।०७९ को प्रगती समिक्षा साथै सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको थियो । विभिन्न चरणमा सार्वजनिक सुनुवाइ गर्दै आएको पालीकाले वर्षभरीको गतिविधि समेटेर २०७९साल साउन २१ गतेका दिन गाँउपालीकाले बृहत रुपमा गाँउपालीकाको सेवा प्रवाह संचालन योजना कार्यक्रमको जानकारी र सुझाव संल्लाह पृष्ठपोष्णका माग्ने गरि बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको थियो । उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघ तथा हाम्रो तेस्रो आँखा राष्ट्रिय साप्ताहिक वाट हामी पत्रकारहरु लाइ तेस्रो पक्ष सहजीकरणको जिम्मेवारी दिएको हुदाँ सोको आधारमा हामी सहजकर्ता वाट यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको नाम : बार्षिक प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम मष्टा गाँउपालीका बझाड ।**

कार्यक्रम आयोजना गरिएको : मिति २०७९ साउन ५ गते दिउसो १ वजे वाट ५ बजे सम्म

स्थान : मष्टा गाँउपालीका कार्यालय भातेखोला ।

सार्वजनिक सुनुवाई गरेको निकायको नाम : मष्टा गाँउपालीका बझाड सुदुरपश्चिम प्रदेश नेपाल ।

सार्वजनिक सुनुवाई गर्ने तेस्रो पक्ष तथा सहजकर्ता : नेपाल पत्रकार महासंघ का प्रतिनिधि पत्रकार डिवि विष्ट र जगदिश रोकाया, तरुणा जोशि, नागरिक समाज धर्मजंग सिह, जिल्ला समन्वय समितीका प्रमुख नर बहादुर बोहरा, उप प्रमुख कृष्ण बहादुर विष्ट ।

**सार्वजनिक सुनुवाइको उद्देश्य**

१ गाँउपालीका वाट दिइने सेवा प्रवाहका बारेमा जानकारी दिन ।

३ गाँउपालीका तथा वडा कार्यालय वाट संचालीत भएका योजना तथा कार्यक्रम र बजेट वारे सवै लाई जानकारी दिन ।

२ अख्तीवारवाला व्यक्तिले गरेको गलत कार्यको विरोध गर्न र गल्ती नदोहऱ्याउने ।

३ समस्यामा परेका उपभोक्ता जनता र पिडितलाई स्थानियतहका कर्मचारी जनप्रतिनधि समक्ष आफ्नो पिडा राख्न र समस्या सामाधान गराउने ।

४ जिम्मेवार निकायलाई जवाफदेही र पारर्दशिता बनाउने ।

५ भ्रष्टचार अन्याय र अत्याचारकम गर्ने साथै सवैलाई जवाफदेही बनाउन र विकासमा सहकार्य गर्ने ।

६ कार्यक्रम तथा योजनाहरु लाई सार्वजनिक गरि दिगो विकास र समाज सुधारमा सवैको साथ समर्थन कायम गर्न ।

७ सल्लाह सुझाव मागेर आगामी वर्षको लागी पुष्ठपोषण लिन र दिन ।

९ स्थानिय सरकार र नागरिक विच सम्वन्ध बढाउन र विधिको शासन कायम गर्ने ।

१० स्थानियतहको बारेमा भएको मनमेटाउ तिक्तता रिसीवि विरोध आभास जस्ता नराम्रा विचार सोच धारणा हटाउने ।

११ लोकतान्त्रीक अभ्यास सहित विधिको शासन खुला सरकारको नागरिकलाइ प्रत्याभुत गर्न ।

CS CamScanner

१२ स्थानियतह र नागरिक विचको स्नेह सद्भाव सहकार्य समधदारी बढाउने ।

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भातेखोला, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**सार्वजनिक सुनुवाईको प्रकृया**

१ सुरुमा आसन ग्रहण गरिएको थियो । , उद्घाटन , राष्टिय गान , कार्यक्रमको औचित्य सहित स्वागत मन्तव्य , सहकर्तालाई माईक हस्तान्त्रण , सहकर्तावाट सुनुवाइको परिचय कार्यक्रम , सार्वजनिक सुनुवाईको अर्थ महत्व र औचित्य वारे प्रष्ट , आचारसंहिताको सर्मधन , कार्यपत्र प्रस्तुतिकरण , गुनासो र जवाफ चरण , सुझाव अपेक्षा , सफलताका कुरा केहि अतिथिहरु वाट सुझाव सहित अध्यक्ष वाट कार्यक्रम समापन गरि ६ घण्टा सम्म संचालन भएको थिया ।

**सार्वजनिक सुनुवाईका गतिविधिहरु**

मष्टा गाँउपालीका उपाध्यक्ष हर्क बहादुर धामीको अध्यक्षतामा गाँउपालीकाको कार्यालय भातेखोलामा सार्वजनिक सुनुवाई कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितीका संयोजक नर बहादुर बोहरा रहनु भएको थियो । कार्यक्रममा वडा अध्यक्ष पालीका सदस्य र वडा सदस्य सहितका जनप्रतिनिधि सहभागी थिए । नेकपा एमाले नेपाली काँग्रेस नेकपा माओवादी साथै विप्लवका पार्टी प्रतिनिधि सदस्य सहित पालीका स्तरिय समाजसेवी शिक्षक बुदिजिविहरुको सहभागी थियो । गाँउपालीका भित्रका शिक्षक बुद्धिजिवि समाजसेवी युवाहरु पनि सहभागी रहेका थिए । निमित्र प्रमुख प्रशासकिय अधिकृत अम्मर बहादुर जेठारा सहित अन्य पालीकाका कर्मचारी उपभोक्ता समितका अध्यक्षहरु र उपभोक्ता सहित सर्वसाधारण व्यक्तिहरुको राम्रो सहभागीता गरि एक डेड सय भन्दा बढी वयक्तिको सहभागी रहेको थियो ।

आसन ग्रहणमा यहाँ भएका गाँउपालीका सदस्य सहित सबै वटै वडाका अध्यक्ष र सदस्यहरु सबै लाई आसन ग्रहण गराएको थियो । निमित्त प्रमुख प्रशासकिय अधिकृत सहित सबै शाखाका प्रमुख र कर्मचारीहरु लाई आसन ग्रहण गराएको थियो । विद्यालयका प्रअ शिक्षक प्रहरी चौकीका प्रमुख विषयगत शाखा प्रमुखहरु र अन्य कर्मचारी , वडा सचिव , गैरसरकारी संस्थाका प्रतिनिधिहरु , जेष्ठनागरिकहरु , महिला तथा अन्य सज्जनबृनहरु लाइ आसन ग्रहण गराएको थियो । युवा वालक्लव पनि सहभागी थिए । आसन ग्रहण पछि सभाका प्रमुख अतिथि जिल्ला समन्वय समितीकाका संयोजक नर वहादुर बोहराले शब्द वाचन वाट सार्वजनिक सुनुवाइको उद्घाटन गरेका थिए । उक्त कार्यक्रममा उद्घाटन सेसन सहित सबै कार्यक्रम महासंघका पुर्व अध्यक्ष पत्रकार जगदीश रोकायाले सार्वजनिक सुनुवाइको सबै प्रकृया अगाडी बढाएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सहित सार्वजनिक सुनुवाइको महत्व औचित्य पत्रकार महशासंघका पुर्व अध्यक्ष रोकायाले गरेको थिए । आसन ग्रहण उद्घाटन सत्र सकिएपछि सार्वजनिक सुनुवाइका सहजकर्ता पत्रकार डीबी विष्टले सुनुवाइ कार्यक्रम अगाडी बढाएका थिए । उहाँ वाट सार्वजनिक सुनुवाइका केहि शैदान्तीक अवधारण सहित सुनुवाइको महत्व औचित्य प्रकास पारिएको थियो । सुनुवाइको आचरसंहित वारे जानकारी समर्थन दिएपछि गाँउपालीकाको सेवा प्रवाह र आर्थिक वर्ष २०७८।०७९ मा विनियोजित बजेट खर्च आम्दानीको बारेमा गाँउपालीकाका लेखपाल गगन बहादुर गुर्धामिले प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए । लेखपालले प्रस्तुत गरेपछि सहभागी वाट गुनासोहरु राख्ने र सम्वन्धीत व्यक्तिवाट जवाफ लिने काम गरियो । गुनासोको उचित सम्वोधन गर्न लगाइयो थियो ।

यो क्रम ४ घण्टा सम्म चलेपछि अनि सहभागीहरु वाट आउदो वर्षका लागी सुझाव लिएको थियो । यसका साथै सहकर्ताले सुझाव सल्लाह लिएपछि अन्तमा पार्टी प्रतिनिधि वाट आएका गुनासा सहित सुझाव सल्लाह गुनासाहरुको उचित जवाफ आफ्नो मन्तव्य मार्फत पनि पालीका प्रमुखहरुले दिएका थिए । यो कार्यक्रममा गुनासोहरु बढीनै आंएका थिए । तर महत्वपुर्ण माान्छेहरुले स्थानिय सरकारको कामकार्वाही लाक्ष नजिक वाट नियालेको अवस्था देखीएको थियो । खासगरि ५० भन्दा बढी गुनासा सुझावहरु आएका थिए । तर सबै सहभागीहरुको अपेक्षा जनप्रतिनधि वाट शुशासन जवाफदेहि जनउत्तरदायि हुनु पर्ने तर त्यो नभएको केहि रकम दुरुपयोग भएको काम गर्ने तारतौर नमिलेको गुनासाहरु आएका थिए ।

सार्वजनिक सुनुवाइमा तिन वटै पार्टी नेपाली काँग्रेस नेकपा एमाले नेकपा माओवादीका प्रतिनिधिहरु बाट गुनासो सुझाव राखेका थिए । उहाँहरुले पनि स्थानिय सरकारलाइ अझ बढी नागरिकहरु प्रति जवाफदेही हुन र लगानी उपलव्धी मुलक गर्न सुझाव दिएका थिए ।

नागरिक समाजका अध्यक्ष धर्मजंग बहादुर सिंहले सुझाव सल्लाह दिएका थिए । साथै प्रमुख अतिथि जिल्ला समन्वय समितीका संयोजक नर बहादुर बोहरा र विशिष्ट अतिथी समन्वय उप प्रमूख कृष्ण बहादुर विष्टले सुझाव सल्लाह केहि निंदेशन दिए पछि

CamScanner

सभामा आएका सबै कुराहरुको अन्तमा सभा अध्यक्ष तथा गाँउपालीका उपाध्यक्षले गुनासाहरुको थप प्रष्ट पारि भएका कमीकमजोरी लाइ सुधार गर्ने प्रतिवद्धता गरि सार्वजनिक सुनुवाइको समापन गरिएको थियो ।

**सार्वजनिक सुनुवाइमा प्रस्तुती गरेका विषय वस्तु क्षेत्रगत बजेट खर्च मौजात**

| क्रसं | विवरण | |
|---|---|---|
| १ | संघ प्रदेश बाट प्राप्त बजेट | |
| २ | स्थमनियतहले पालीकाबाट विनियोजन भएको चालुपुजी आम्दानी खर्च बजेट । वडा कार्यालयमा विनियोज भएको रकम । विषयगत शाखामा विनियोजन भएको बजेट र खर्च विवरण । सबै योजनामा बजेट विनियोजन भएको खर्च पनि जानकारी गरिएको थियो । | |

**पालीकोको बजेट आम्दानी रकम यो सबै रकम पछाडी राखीएको छ ।**

पालीकाको जम्मा खर्च प्रगती प्रतीशतमा ९६.२१ प्रतिशत भएको थियो । - बजेटको बृस्तित जानकारी पालीकाले सार्वजनिक सुनुवाइमा प्रस्तुत गरेको प्रतिवेदन पछाडी राखीएको छ ।

**सार्वजनिक सुनुवाईमा सहभागी वाट मुख्य रुपमा उठेका गुनासा सवालहरुहरु**

१ सार्वजनिक सुनुवाइमा पत्राचार नगरिएको ।
२ खेलमैदान उपयुक्त स्थानमा नबनाएको ।
३ वेरुजु सम्बन्धमा
४ वडा भवन निर्माणको रकम हिनामीना ।
५ स्वास्थ्य क्षेत्रमा भएको लापर्वाहीी तथा खानेपानी सम्वन्धमा ।
६ मनोमानी रकम भुक्तानी र निवर्तमान जनप्रतिनीधीको मनोमानी सम्वन्धमा ।
७ टेलीफोन सम्वन्धमा ।
८ उधारो सडक कटानको विषयमा
९ सार्वजनीक सुनुवाई सम्वन्धमा
१० सवारी साधन दुरुपयोग , मदिरा लाइसेन्स सम्वन्धमा वालविवाह सम्वन्धमा ।
११) सुझाव पेटीका सम्वन्धमा
१२) विद्युत सम्वन्धमा

**गुनासो राख्ने व्यक्तिहरु**

१ दिनेश बोहरा, हरीस धामी, उमेश जेठारा, विश्णु जोशी , भरत अधिकारी , विनोद थापा, आदी । ,

**गुनासोहरुको जवाफ:**

सार्वजनिक सुनुवाइमा सहभागी वाट आएका गुनासोहरुको गाँउपालीका उपाध्यक्ष कार्यकारी निमीत्त प्रमुख सहित लेखपाल वडा अध्यक्षहरुले गुनासो कर्ताहरुको जवाफ सहिरुपमा दिएका थिए । गुनासो मा दोहरो सम्वाद धेरै भएर जिज्ञासाको चित्तबुझ्दो जवाप सबै गुनासोको आएको थियो । सेवा प्रदायिक संस्थाका तर्फबाट जिम्मेवार व्यक्तिहरुले कुनै ढाकछोप नगरि यथार्त जवाफ दिएका थिए । सहभागीहरु जवाफप्रति सन्तुष्टि भएको थिए । छलफलमा गाँउपालीका वाट भएका धेरै कमि कमजोरीहरुको उजागर भएका थिय । गाँउपालीका परिवारले पालीका वाट काम गर्दा खेरी भएका गल्ती कमिमजोरीहरुको आम्मसात गरेको थियो । सभामा गाँउपालीका जनप्रतिनिधि कर्मचारी प्रति भएका मनमेटाउ तिक्तता असहमती मेटिएको थियो । आरोप प्रतिआरोप लाल्छना गलत बुझाइ सबै प्रष्ट

भएर सद्भाव भएको थिए । भावी दिनमा सुधार गर्दै जाने र आफ्नो स्थान बाट सबै पालिकाको विकासमा जुटी भनेर सबैको एकै बद्धता प्रतिवद्धता आएको थियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रमा सहभागी बाट आएका सुधार गर्नुपर्ने पक्ष । पृष्ठपोषण**

१ सहभागीहरु बाट तपसिलका सुझाव आएका थिए । काम गर्ने तौरतरिक राम्रो गर्नु पर्ने । अनुगमनमा जोड दिनु पर्ने । काममा सहज सेवाग्राहिको काम छिटो छरितो गुर्ने पर्ने । विधुत लाइन विस्तार जोड दिनु पर्ने । योजना डिजायन स्टमेट गरि बनाउनु पर्ने आफुखुशी योजना दिन नहुने , राम्रो कर्मचारी जनप्रतिनिधिलाइ पुरस्कृत गर्नु पर्ने । कृषिमा व्यावसायिक खेती , गाउसभाले छनौट गरेका योजना हेरफेर गर्न नहुनु । योजना पुरस्कृत गर्नु पर्ने सुझाव दिएका थिए । साथै बालविाह रोक्न पहल गर्न सुझाव दिएका थिए । सार्वजनिक सुनुवाइमा वडा अध्यक्ष अनिबार्य उपस्थित हुनु पर्ने । सडक बाटा सुधार गर्नु पर्ने । महिला दलित बालबालीका साथै युवाहरु लाइ आय आर्जनमा जोड दिनु पर्ने सुझाव आएका थिए । इमान्दारी भएर काम गर्नु पर्ने जस्ता धेरै राम्रा सुधावहरु आएका थिए ।

**समापनमा मन्तव्य दिने बक्ताहरु**


१ धर्मजंग बहादुर सिह नागरिक समाज

२ प्रमुख अतिथि मन्वय प्रमुख नर बहादुर बोहरा साथै गाँउपालीका उपाध्यक्ष हर्क धामीले आएका सवै गुनासा सुझावहरुको आत्मसाथ गरि सहि जवाफ दिइ पृष्ठपोषण लाइ आत्म साथ गरि आउदो दिनमा पालीकाको सेवा प्रवाहलाइ थप जवाफदेही पारदर्शिता बनाउने प्रतिवद्ध गर्नु भएको थियो ।

**सकारात्मकपक्ष :** प्रश्नकर्ताको जवाफ अख्तियारी व्यक्तिले चित्तबुझ्दो दिएका थिए । सुनुवाई कार्यक्रम सभ्य र मर्यादित रुपमाभएको थियो । धेरै घनिभुत छलफल भएको हुदाँ सवै मिलेर आउदो वर्ष अझै राम्रो कामगर्ने आत्मवल सवैमा जाँगेको थियो ।

**सहजकर्ताको सुझावहरु :** पालीकाकाले आर्थिक प्रगती सहित अन्य सामाजिक स्वास्थ्यशिक्षा र पालीकाभित्रका अन्यविकासको अवस्थाबारे प्रगती सुनाउनु पर्ने देखीन्छ ।नागरिकहरु लाइ आत्मविस्वास उत्साहगर्नु पर्ने देखीन्छ । स्थानिय सरकार भएको महसुस गराउनु पर्ने देखीन्छ । जनप्रतिनिधिहरु पक्षपातनातावाद पार्टीपक्षभन्दामाथी उठ्नु पर्ने देखीन्छ । जनप्रतिनधिहरुले जनउत्तरदायिभएर लोकतन्त्रको संस्थागतविकास गरि शुसासनको लागी लोभलालच त्यागेर समाज सुधारमा अग्रसरहुनु पर्ने देखीन्छ । राजनेताको स्वभावचरित्र प्रदर्शन गरि महिलाजनप्रतिनधिहरु लाइ पनि क्षमता विकास र आत्म सम्मानगर्नु पर्ने देखीन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रमका केहि तस्विरहरु**



मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भौतेखोला, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३








CamScanner

मष्टा गाउँपालिका


मष्टा गाउँपालिका
सार्वजनिक सुनुवाई कार्यक्रम


पुष्पराज जोशी
मष्टा गाउँपालिका
सार्वजनिक सुनुवाई कार्यक्रम

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैंसीखोला, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल





CamScanner

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भौतिखोला, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३






प्रतिवेदक

सार्वनिक सुनुवाइका लागी

मुख्य सहजकर्ता पत्रकार डीबी विष्ट (तिस्रो आँखा राष्ट्रिय साप्ताहि प्रकाशक )नेपालपत्रकार महासंघ बझाग सदस्य । समाप्त ,,,

सम्पर्क ९८४८८७८०६०